गण्डकी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय लमजुङ

बेसीशहर, लमजुङ

पत्र संख्याः २०८२/०८३

चलानी नं.

२०८२।०४।०८
दिपक प्रसाद पण्डित
डिभिजनल वन अधिकृत

## बिषयः- गोलिया काठ डाँक बढाबढद्वारा लिलाम बिक्रीको सूचना ।

*प्रथम पटक प्रकाशन मितिः- २०८२/०४/०८*

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. १८०० मिति २०८२/०२/०४ र च.नं. २०३६ मिति २०८२/०३/०५ को जोखिमयुक्त रुख हटाउने सम्बन्धि ईजाजत पत्रानसुसार प्रदेश अस्पताल लमजुङ र पर्यटन तथा उद्योग कार्यालय लमजुङको परिसरमा कटान भई उत्पादित काठ सोहि कार्यालयहरुमा घाटगद्दी गरिएको तपसिल बमोजिमको गोलिया काठ जम्मा थान ४३ को १८७.३७ क्यू.फिट गण्डकी प्रदेश वन ऐन, २०८० को दफा ८८ उपदफा २ बमोजिम जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढ प्रक्रियाबाट लिलाम बिक्रीको लागि यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । नियमानुसार सूचिकृत भएका काठ/दाउरामा [redacted] आधारित उद्योगले देहायका शर्त बमोजिम तोकिएको मितिमा हुने डाँक बढाबढ प्रक्रियामा भाग लिन आब्हान गरिएको छ ।

**तपशिल**

१. वन पैदावारको विवरण

| वन पैदावारको विवरण | | | | | | मूल्यांकन रु. | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | न्यूनतम मूल्य रु. | कटानमुछान खर्च |
| १. | सिसौ ( वृक्षारोपण) | गोलिया | A | ६ | ५७.५९ | ८९,७३२/- | १८,०९७/- |
| | | | B | ३१ | ६३.०५ | | |
| २. | रातो सिरिस | गोलिया | A | २ | ४५.४८ | | |
| | | | B | ३ | १६.५१ | | |
| ३. | आँप | गोलिया | - | १ | ४.७४ | | |
| जम्मा | | | | ४३ | १८७.३७ | ८९,७३२/- | १८,०९७/- |

२. डाँक लिलाम बढाबढ हुने स्थान मिति र समयः-
   (क) स्थानः- डिभिजन वन कार्यालय लमजुङ, बेसीशहर
   (ख) मिति र समयः- २०८२/०४/२३ गते शुक्रबार दिउसो १२:०० बजे
   (ग) तोकिएको दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट हुनेछ ।

३. डाँक बढाबढ प्रक्रियामा भाग लिन ईच्छुक फर्मले नेपाली नागरिकताको प्रमाण-पत्र, फर्म दर्ता तथा नविकरणको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर/ स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र र काठ/दाउरामा आधारित उद्योग सूचिकृत प्रमाण-पत्रको प्रतिलिपि र निवेदन साथ रु. १०/- को टिकट टाँस गरी मिति २०८२/०४/२३ गते दिउसो ११:०० बजे भित्र निवेदन पेश गर्नु पर्नेछ । डाँक बढाबढ न्यूनतम मूल्यबाट शुरु हुनेछ ।

४. डाँक बढाबढ प्रक्रियामा भाग लिने सबैले डाँक बोल्नु पूर्व न्यूनतम मूल्यको १० प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्नेछ । डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप गर्दै जानु पर्नेछ ।

५. लिलाम स्वीकृत गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार सम्बन्धित कार्यालयहरुमा गई हेर्न सकिने छ ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम, कटानमुछान खर्च, मूल्य अभिबृद्धि कर, अग्रिम आयकर र प्रदेश सेवा शुल्क बुझाई सकार गरेको वन पैदावार उठाई लैजान पर्नेछ ।

८. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

सम्पर्कका लागिः- फोन नं.- ०६६-५२०१३५, ईमेलः- dfolamjung1@gmail.com, वेब साईटः- www.dfolamjung.gov.np